# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# भोजपुर नगरपालिका, भोजपुर




## महालेखापरीक्षकको कार्यालय

## काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय**
**प्रदेश नं. १ र २**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या :२०७६/७७
च.नं. ४१३

मितिः २०७७/३/२०

श्री नगरप्रमुखज्यु,
भोजपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
भोजपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।


(विन्दु विष्ट)
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np
Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन। त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २४ गते ।

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय

प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-14268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च.नं. ४१३

मिति: २०७७।०३।२०

श्री प्रमुखज्यू,
भोजपुर नगरपालिका,
भोजपुर ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले भोजपुर नगरपालिका, भोजपुरको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ७३ लाख ९६ हजार बेरुजू देखिएको छ। सोमध्ये अशुल गर्नुपर्ने रु. १७ लाख ४९ हजार नियमित गर्नुपर्ने रु. १२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४७ लाख ६० हजार र पेश्की रु. ८ लाख ७५ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०५।३० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया प्राप्त नभएकोले बेरुजु फछ्यौंट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १४(चौध) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गरी स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्वेश्य रहेको छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायतता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क्र.स. | शिर्षक | आय | जम्मा आय | क्र.स. | शिर्षक | खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|
| १. | **गत अल्या** | | २३८७०६१३ | १. | **चालु खर्च** | | ४४७२३६२९ |
| | मुल कोष खाता ग ४ १ | ६३२६१९४ | | | विभाज्य कोष म.ले.नि.का | ३२७१२७०२ | |
| | आन्तरिक कोष खाता ग ४ ३ | १०३०६६८८ | | | आन्तरिक खर्च | ११०८६९२७ | |
| | धरौटी | ५२६१४४९ | | | गरीवसंग विश्वेश्वर कार्यक्रम | ३६९००० | |
| | कर्मचारी कल्याण कोष | २९३६३१ | | | प्रदेश तथा स्थानीय तह क्षमता | ३०५००० | |
| | मर्मत संभार कोष | १०९८८०० | | | समृद्धि कार्यक्रम | २५०००० | |
| | महिला तथा वाल विकास कोष | ८३८५० | | २. | **पूजिगत खर्च** | | १३९९९८७६८ |
| | प्रकोप व्यवस्थापन कोष | ५००००० | | | संघिय वित्तिय समानीकरण | ८७०६३९७३ | |
| २. | वित्तिय समानीकरण अनुदान | | १००३००००० | | विभाज्य कोष म.ले.नि.का | २०४१८४४५ | |
| ३. | सशर्त अनुदान | | २१०५३६००० | | कोष खाता ट्रान्सफर | १७००००० | |
| ४. | विभाज्य कोष म.ले.नि.का. | | ५६८५९१४८ | | प्रदेश सरकार वित्तिय समानीकरण | २९८७५०० | |
| ५. | प्रदेश सरकार वित्तिय समानीकरण | | ३५३७००० | | प्रदेश सरकार सवारी साधन (राजश्व) | ५७९२२७३ | |
| ६. | प्रदेश सरकार सवारी साधन (राजश्व) | | ५८३७६८६ | | प्रदेश पुर्वाधार विकास कार्यक्रम | ८५५०१६१ | |
| ७. | प्रदेश सरकार सशर्त अनुदान | | १९०००००० | | सडक वोर्ड | ३९८८४३१ | |
| ८. | प्रदेश पूवाृधार विकास कार्यक्रम | | ८६००००० | | स्थानीय पूर्वाधार विकास साझेदारी | ५३९९९०० | |
| ९. | सडक वोर्ड | | ४०२३१६५ | | झोलुङ्गे पुल | ४०९८०८५ | |
| १०. | गरीवसंग विश्वेश्वर कार्यक्रम | | ३६९००० | ३. | **सशर्त अनुदान खर्च** | | २१४०१५१०० |
| ११. | प्रदेश तथा स्थानीय तह क्षमता | | ३०५००० | | संघिय सर्शत अनुदान | १९७७६७२१८ | |
| १२. | स्थानीय पूवाृधार विकास साझेदारी | | ५३९९९०० | | प्रदेश सर्शत अनुदान | १६२४७८८२ | |
| १३. | प्रधानमन्त्री रोजगार कार्यक्रम | | ३४३९८४५ | | प्रधानमन्त्री रोजगार कार्यक्रम | | ३४३९८४५ |
| १४. | सामाजिक सुरक्षा भत्ता | | ४६१३५४०० | | सामाजिक सुरक्षा भत्ता | | ४६१३५४०० |
| १५. | आन्तरिक श्रोत | | १३४३९५५८ | ४. | **अर्थ वजेट** | | १००११७१ |
| १६. | झोलुङ्गे पुल | | ४०९८०८५ | ५. | **विशेष कोष खर्च** | | २८६११७ |
| १७. | मालपोत कार्यलय राजश्व | | १९४६६८४ | | मर्मत संभार कोष | ४७९७० | |
| १८. | वेरुजु दाखिला | | १९१६७ | | प्रकोप व्यवस्थापन कोष | ३९६५१ | |
| १९. | कर्मचारी कल्याण कोष | | २००००० | | विपद् व्यवस्थापन कोष | १९८४९६ | |
| २०. | मर्मत संभार कोष | | १०००००० | ६. | धरौटी फिर्ता | | ३२७३०४१ |
| २१. | प्रकोप व्यवस्थापन कोष | | २००००० | ७. | **वजेट फिर्ता** | | १२७६८७८२ |
| २२. | विपद् व्यवस्थापन कोष | | ५००००० | | सर्शत अनुदान | १२७६८७८२ | |
| २३. | धरौटी आम्दानी | | २७७८७८२ | ८. | **कोष खाता बैंक मौज्दात** | | २६५३५९१४ |
| २४. | जि.स.स.राजश्व | | २१००००० | | मुल कोष खाता ग ४ १ | १६८२६१९४ | |
| २५. | समृद्धि कार्यक्रम | | २५०००० | | आन्तरिक कोष खाता ग ४ ३ | ९७०९७२० | |
| २६. | **अर्थ वजेट** | | १००११७१ | ९. | **बैक वाकी पूजिगत खर्च खाता** | | १४७४९१८६ |
| | संचित विदा | ३६८८५२ | | १०. | **बैक वाकी चालु खर्च  खाता** | | ३४६४४६ |
| | औषधी उपचार | ६३२३१८ | | ११. | **बैक मौज्दात विशेष कोष** | | ३५९०१६४ |
| | | | | | कर्मचारी कल्याण कोष | ४९३६३१ | |
| | | | | | मर्मत संभार कोष | २०५०८३० | |
| | | | | | प्रकोप व्यवस्थापन कोष | ६६०३४९ | |
| | | | | | विपद् व्यवस्थापन कोष | ३०१५०४ | |
| | | | | | महिला तथा वाल विकास कोष | ८३८५० | |
| | | | | | धरौटी वाकी | | ४७६७१९० |
| | | | | | नगद वाकी | | ११५४४९ |
| | **जम्मा** | | **५१५७४६२०३** | | **जम्मा** | | **५१५७४६२०३** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धमा निम्न व्यहोराहरु सम्बन्धमा तोकिए बमोजिम गर्न सकेको देखिएन ।<br>• वजेटरी आकार साना भएका योजनाको संख्या अत्याधिक रुपमा सञ्चालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको,<br>• सार्वजनिक खरिद ऐन, २०६३ दफा ६ अनुसार खरिद योजना बनाउने नगरेको,<br>• सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १४९ अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाइल खडा गरी सम्वन्धित कागजात शिलसिला वद्ध रुपमा व्यवस्थित गरी राख्नुपर्नेमा नराखेको,<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदन अनुसार आवश्यक कारवाही गर्ने नगरेको,<br>• शाखा तर्फ जिन्सी मालसामान खरिद गरी दाखिला गरी एकमुष्ठ रुपमा खर्च लेख्ने गरेको,<br>• एकिकृत जिन्सी खाता नराखि शाखागत जिन्सी खाता राख्ने गरेको,<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता सञ्चालन सम्बन्धी परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका ४ गाउँ विकास समितिहरुको सम्पत्ति, पेश्की तथा बेरुजू अभिलेख नगरपालिकामा कायम गरी फछ्र्यौट गर्नु गराउनु पर्नेमा नगराएको,<br>• सार्वजनिक खरिद ऐन, नियमावलीको खरिद पद्धतिका सिमाहरु विपरित उपभोक्ता समिति मार्फत मालसामान खरिद गर्ने गरेको,<br>• जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट हेभि मेशिन उपकरण प्रयोग गरी सञ्चालन गर्ने गरेकोमा हेभि मेशिन उपकरण प्रयोग गर्न प्राविधिकको सिफारिस र कार्यालयको सहमति नलिएको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार प्राविधिक तथा जटिल प्रकृतिका कार्य समेत उपभोक्ता समितिवाट गराएकोमा गुणस्तर परीक्षण नभएको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) अनुसार केही योजनाको सामाजिक परीक्षण हुने नगरेको,<br>• अधिकांश सडक तथा मर्मतमा चेनेज नं.उल्लेख गर्ने नगरेको,<br>• सार्वजनिक परीक्षण फारम (अनुसुची ३), योजना फरफारक तथा हस्तान्तरण फाराम र सम्झौता फाराममा भर्नुपर्ने अधिकांश विवरणहरु भर्ने नगरेको,<br>• भुक्तानी भएका सवै विल भरपाईहरुको सिलसिलेवार नम्वर राखी भुक्तानी जनाउने छाप नलगाएको,<br>• सम्झौतामा प्राविधिक लागतको आधारमा सम्झौता नगरी बजेटको आधारमा सम्झौता गर्ने गरेको,<br>• नगरपालिकाबाट नागरिकता, घरबाटो सिफारिस जस्ता कार्यको अभिलेख राख्ने नगरेको,<br>• नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सवारी, मनोरञ्जन जस्ता करहरु उठाउने गरेको नदेखिएको,<br>• विषयगत तर्फ कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृत गरेको नदेखिएको,<br>• उपभोक्ता समितिवाट गरेको कार्यमा प्यान तथा भ्याट विल प्रयोग नगरी इष्टिमेट र ठाडो भरपाईका आधारमा भुक्तानी गरेको,<br>• योजनाको लागत अनुमान तयार गर्दा सम्पन्न गर्न लाग्ने समय उल्लेख नगरेको,<br>• योजनाको लागत अनुमान तयार गर्दा डि.पि.आर. अनुसार चेनेज तथा स्थान नखुलाएको,<br>• आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७४ दफा १७ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएको,<br>• नापी किताव, मूल्यांकन विल तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति उल्लेख नभएको,<br>• निजामति सेवा ऐन, २०४९ को दफा ५ अनुसार प्रत्येक कर्मचारीको पदको कार्यविवरण वनाई लागू नगरेको, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| | • प्राप्त आम्दानीहरु समयमा दाखिला गर्ने नगरेकोमा जिम्मेवार पदाधिकारीबाट अनुगमन समेत नभएको,<br>• मू.अ.कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै दिनु पर्नेमा केही कारोवारको जानकारी नदिएको,<br>नियमितता, मितव्ययिता, पारदर्शिता र प्रभावकारी सेवा प्रवाह गर्न माथि उल्लेख भए अनुसार ऐन, नियममा भएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुधार गर्नुपर्दछ । | |
| २. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक बर्षको अन्त्यमा नगरपालिकाको सञ्चित कोषमा स्वतः जम्मा(ट्रान्सफर) हुने व्यवस्था छ । नगरपालिकाले आर्थिक बर्षको अन्त्यमा चालू खर्च खाता रु.३४६४४६।२९ तथा पूँजिगत खर्च खाताको बचत रकम रु.१४७४९१८५। समेत रहेकोमा सुन्य हुने गरी सञ्चित कोषमा जम्मा गरेको पाइएन । ऐनको व्यवस्था कार्यान्वियन हुनु पर्दछ । | |
| ३. | **आर्थिक कारोवारको विद्युतिय लेखाङ्कन तथा प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार प्रतिवेदन गर्नु पर्दछ । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) सफ्टवेयर प्रयोग तथा खर्च र आय सम्वन्धमा म.ले.प. फारामहरुको पुर्ण प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन र नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरेको देखिएन । | |
| ४. | **आन्तरीक लेखापरीक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ अनुसार कानून वमोजिम आय र व्ययको चौमासिक रुपमा आन्तरीक लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा भएका सशर्ततर्फका शिर्षकहरुको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण भएको र वाँकी शीर्षकको नगरकार्यपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट लेखापरीक्षण भएतापनि राय सहितको प्रतिवेदन जारी नभएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएन । आन्तरिक लेखापरीक्षणबाट आर्थिक विवरण प्रमाणित भई अन्तिम लेखापरीक्षणको लागि पेश भएतापनि आन्तरिक आयतर्फको कुनै परीक्षण भएको नपाइनुका साथै नगद मौज्दात समेत रहेको पाइयो । आर्थिक अनुशासन कायम गर्न तथा आन्तरीक नियन्त्रण व्यवस्था दुरुस्त वनाउन प्रभावकारी आन्तरिक लेखापरीक्षण हुनु पर्दछ । | |
| ५. | **जिम्मेवारी फरक :** कार्यालयले आर्थिक वर्ष सुरुमा जिम्मेवारी सार्दा गत आर्थिक वर्षको वैंक नगदी किताव अनुसार वाँकी मौज्दात सार्नु पर्दछ । गत आर्थिक वर्ष म.ले.प प्रतिवेदन अनुसार सञ्चित कोष खाता तथा आन्तरिक कोष खातामा वैंक मौज्दान रु.१,७६,४८,२१९।०० रहेकोमा आ.व. २०७५।७६ को सुरु मौज्दात रु.१,६६,३२,८८२।११ रहेकोले घटी मौज्दात रु. १०,१५,४३६।८९ सारेको देखिन्छ । कार्यालयको वैंक नगदी किताव अनुसार जिम्मेवारी एकिन गरी आर्थिक विवरण तयार गर्नु पर्दछ । | १०१५४३७ |
| ६. | **जिन्सी व्यवस्थापन :** आर्थिककार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको एक प्रति तालुक कार्यालयमा पठाउनु पर्दछ । तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको विषयमा एक महिना भित्र कुनै निर्देशन पठाएमा कार्यालय प्रमुखले सो समेतलाई विचार गरी सो अवधिभित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत गर्नुपर्ने भए ३ महिना भित्र गरीसक्नु पर्नेछ भन्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष नियमावली बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको छ । साथै साविक ४ गाउंविकास समिति हेलौछा, आमतेक, सिद्धेश्वर, गुप्तेश्वरको जिन्सीको लगत लिने, एकिकृत जिन्सी रजिस्टर तयार गर्ने र सो समेतको समग्र रुपमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी मर्मत संम्भार र लिलाम विक्री गर्नु पर्नेमा सो बमोजिम भएको पाइएन । साथै खर्च नहुने सामान खरिद पश्चात दाखिला गरी वडालाई दिँदा सहायक रजिष्टर राखी बुझाई दिने र वडाले सामानको लगत राख्नु पर्नेमा कार्यालयले हस्तान्तण फाराम भरी बुझाउने र जिन्सी कितावमा खर्च लेख्ने गरेको पाइदा उक्त कार्य गर्न मिल्ने देखिएन । तसर्थ एउटा कार्यालयको जिन्सी खाता एकै ठाउँ राखी आवश्यक परेमा सहायक रजिष्टरमा जिन्सी अद्यावधिक गरी सोही वमोजिम जिन्सी लगत तथा निरीक्षण प्रतिवेदन समेत तयार गरी प्रतिवेदन वमोजिम आवश्यक कारवाही गर्नु पर्नेमा अलग अलग कार्यालय जस्तो जिन्सी व्यवस्थापन गर्नु उपयुक्त देखिएन । | |
| ७. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. १ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनको दफा ३(१) | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| | अनुसार भोजपुर नगरकार्यपालिकाको कार्यालयले देहाय बमोजिम ६३ पदाधिकारीहरुलाई रु.७६,०९,९००।०० सुविधा वापत भुक्तानी गरेको छ । | |

(रु.हजारमा)

| सि.नं. | विवरण | प्रमुख/अध्यक्ष | उप प्रमुख | वडा अध्यक्ष १२ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४१ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ० | ० | ० | ० | ० | ० |
| २ | सञ्चार सुविधा | ३०.०० | ३०.०० | २८८.०० | ९६.०० | ४९२.०० | ९३६.०० |
| ३ | बैठक भत्ता | ४२.५० | ६२.४० | ९७२.०० | ३८७.०० | १००४.०० | २४६७.९० |
| ४ | खाजा भत्ता | ४८.०० | ३६.०० | ४३२.०० | ०.०० | ०.०० | ५१६.०० |
| ५ | पुस्तक पत्रपत्रिका | ३६.०० | ३०.०० | २८८.०० | १४४.०० | ४९२.०० | ९९०.०० |
| ६ | अनुगमन भत्ता | ९०.०० | ७२.०० | २८८.०० | ०.०० | ७३८.०० | ११८८.०० |
| ७ | खानेपानी, बिजुली महसुल | २४.०० | २४.०० | १४४.०० | ९६.०० | ०.०० | २८८.०० |
| ८ | सरसफाई, मर्मत | २४.०० | २४.०० | १४४.०० | ९६.०० | ०.०० | २८८.०० |
| ९ | अतिथि सत्कार | २४.०० | २४.०० | १४४.०० | ०.०० | ०.०० | १९२.०० |
| १० | यातायात खर्च | ०.०० | ६०.०० | ०.०० | १९२.०० | ४९२.०० | ७४४.०० |
| जम्मा | | ३१८.५० | ३६२.४० | २७००.०० | १०११.०० | ३२१८.०० | ७६०९.९० |

दफा ३(४) अनुसार नगरसभाको निर्णयानुसार पदाधिकारीलाई चाडपर्व खर्च वापत रु. १० हजारका दरले जम्मा रु. ६,३०,०००।०० समेत भुक्तानी दिएको देखिन्छ ।

| दफा नं. | व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| ७.१. | गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन, २०७५ दफा ३(२) अनुसार नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले कार्यपालिका वैठक, समिति/उपसमिति वा वडा समितिको वैठकमा जतिसुकै पटक सहभागी भए पनि एक महिनामा ३ वैठकको मात्र भत्ता पाउने व्यवस्था छ । कार्यालयले निम्नानुसार कार्यपालिका सदस्यलाई कार्यपालिका तथा वडा समिति दुवैतर्फ वैठक भत्ता भुक्तानी गरेको देखियो । कार्यपालिका सदस्यलाई वडा समिति वैठक समेत ऐनमा तोकेको भन्दा वढी वैठक भत्ता भुक्तानी भएको एकिन गरी असुल गर्नु पर्ने रु. | १६८००० |

| क्र.सं. | गाउँपालिका सदस्यको नाम | वढी भुक्तानी |
|---|---|---|
| १. | वडाध्यक्ष १ श्री विष्णु कुमार भुजेल | ८००० |
| २. | वडाध्यक्ष २ श्री कुमार राई | ६००० |
| ३. | वडाध्यक्ष ३ श्री कमल थुलुङ्ग राई | २००० |
| ४. | वडाध्यक्ष ४ श्री प्रेम बहादुर भण्डारी | १०००० |
| ५. | वडाध्यक्ष ५ श्री जस बहादुर राई | १२००० |
| ६. | वडाध्यक्ष ६ श्री सैलेन्द्र कार्की | २२००० |
| ७. | वडाध्यक्ष ७ श्री जय बहादुर तामाङ | ८००० |
| ८. | वडाध्यक्ष ८ श्री गोपाल कार्की | १०००० |
| ९. | वडाध्यक्ष ९ श्री राम बहादुर तामाङ | ८००० |
| १०. | वडाध्यक्ष १० श्री सुविन्द्र राई | ६००० |
| ११. | वडाध्यक्ष ११ श्री अशोक राई | ८००० |
| १२. | वडाध्यक्ष १२ श्री कुमार प्रसाद श्रेष्ठ | ८००० |
| १३. | कार्यपालिका सदस्य श्री कैसिला राई | ४००० |
| १४. | कार्यपालिका सदस्य श्री रामकुमारी प्रधान (श्रेष्ठ) | ३००० |
| १५. | कार्यपालिका सदस्य श्री रमा बुढाथोकी | ५००० |
| १६. | कार्यपालिका सदस्य श्री जानुका राई (मिजार) | ६००० |
| १७. | कार्यपालिका सदस्य श्री दिकु राई | ४००० |
| १८. | वडा सदस्य श्री आशा देवी राई | ४००० |
| १९. | वडा सदस्य श्री शरण बहादुर प्रधान | ४००० |
| २०. | वडा सदस्य श्री यमुना सुवाल | ६००० |
| २१. | वडा सदस्य श्री मायादेवी बराईली | ६००० |
| २२. | वडा सदस्य श्री बालकृष्ण तामाङ | ६००० |
| २३. | वडा सदस्य श्री अगम बहादुर राई | ६००० |
| २४. | वडा सदस्य श्री दया दर्जी | २००० |
| २५. | वडा सदस्य श्री विश्वनाथ पराजुली | २००० |
| २६. | वडा सदस्य श्री धनबहादुर श्रेष्ठ | २००० |
| | जम्मा | **१६८०००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|

८. **योजना संचालन :-** आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने र सोको कार्यान्वयन तथा व्यवस्था गर्नुपर्दछ। वार्षिक विकास योजना २०७५।७६ को अध्ययन गर्दा नगरपालिकाले संचालन गरेको अधिकांश योजना न्यून बजेट भएका र छरिएका देखिएको छ।

रु. हजारमा

| विवरण | आर्थिक क्षेत्र | भौतिक पूर्वाधार | सामाजिक विकास | वातावरण तथा विपद व्यवस्थापन | पूँजीगत तर्फ जम्मा |
|---|---|---|---|---|---|
| ५० हजार सम्मका | ३ | ५४ | १३२ | १३ | २०२ |
| ५० हजार देखि १ लाख सम्मका | ९ | ३९ | ४६ | ४ | ९८ |
| १ देखि २ लाख सम्मका | ६ | ४५ | १७ | २ | ७० |
| २ देखि ३ लाख सम्मका | १ | १२ | ७ | ० | २० |
| ३ देखि ४ लाख सम्मका | २ | ९ | २ | ० | १३ |
| ४ देखि ५ लाख सम्मका | ० | १४ | २ | १ | १७ |
| ५ देखि १० लाख सम्मका | २ | १० | ० | ० | १२ |
| १० लाख भन्दा बढिका | **६** | **१०** | **१** | **०** | **१७** |
| जम्मा संख्या | **२९** | **१९३** | **२०७** | **२०** | **४४९** |
| जम्मा | **१७२१५** | **५१३३७** | **१७४२२** | **२१८२** | **८८१५६** |

नगरपालिकाको योजनाहरु बिश्लेषण गर्दा रु. ५ लाख सम्मका योजना ४२० रहेका छन । साना कार्यक्रमको संख्या धेरै हुँदा सिमित श्रोत साधनका कारण अनुगमनमा कमी हुने र प्राविधिक कर्मचारीले प्रत्येक योजनाको समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने सम्भावना रहन्छ । नगरपालिकाको क्षमता अभिवृद्धि गरी तुलनात्मक लाभ लागत समेतलाई ध्यान दिई स्थानीय जिवनस्तर उकास्ने तथा रोजगारी श्रृजना गर्ने योजनाहरु तर्जुमा एवं कायान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

९. **चौमासिक खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसार कार्यक्रममा प्रथम चौमासिकमा २ प्रतिशत, दोश्रो चौमासिकमा २० प्रतिशत र तेश्रो चौमासिकमा ७८ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी आषाढ मसान्तमा ३९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको हुँदा गुणस्तर कमजोर हुन सक्ने तथा सन्तुलित खर्च व्यवस्थापन नहुने तर्फ कार्यालयले ध्यान पुऱ्याएको देखिएन । कार्यालयले आयोजना तर्फ समयमै सम्झौता तथा कार्यान्वयन गरी चौमासिक खर्च व्यवस्थापन तथा कार्यवोझमा सन्तुलन ल्याउनु पर्दछ ।

(रु.हजारमा)

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | वित्तिय समानिकरण पूँजीगत | ८७०६४ | २८५७ | २४९३५ | ५९२७१ | १५५६३ |
| २ | प्रदेश समानिकरण | २९८८ | ० | १८४९ | ११३९ | ४८९ |
| ३ | प्रदेश सशर्त | १६२४८ | ० | ० | १६२४८ | १२२२९ |
| ४ | विभाज्य कोष | २०४१८ | ० | ० | २०४१८ | २०४१८ |
| ५ | प्रदेश पूर्वाधार विकास कार्यक्रम | ८५५० | ० | ५७६ | ७९७४ | ३९१८ |
| ६ | झोलुंगे पुल | ४०९८ | ० | ० | ४०९८ | २१६७ |
| ७ | स्थानीय पूर्वाधार विकास कार्यक्रम | ५४०० | ० | ९७० | ४४३० | १००० |
| | **जम्मा** | **१४४७६६** | **२८५७** | **२८३३०** | **११३५७८** | **५५७८४** |
| | **खर्च प्रतिशत** | **१००** | **२** | **२०** | **७८** | **३९** |

१०. **वजेट विभाजन (अवण्डा):** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार वजेट तयार गर्दा सम्पुर्ण कार्यक्रमहरु खुलाई सभावाट असार मसान्त भित्र पारित गर्नु पर्दछ । नगरपालिकाले कार्यक्रम खुलाई सभावाट वजेट निर्धारण नगरी निम्नानुसार एकमुष्ट विषयगत रुपमा रु. १ करोड २५ लाख विनियोजन गरी कार्यपालिकाको निर्णयानुसार खर्च गरेको देखियो । यसरी सभावाट कार्यक्रम खुलाई पास नगरी कार्यपालिकाको निर्णयानुसार

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>वेरुजु रकम</th></tr>
<tr><td></td><td>कार्यक्रम तय गरी खर्च गर्दा लक्ष्य अनुसार प्रगति प्राप्त हुन नसक्ने तथा पारदर्शी हुन नसक्ने देखिन्छ । तसर्थ कानून बमोजिम तोकिए अनुसार कार्यक्रम खुलाई वजेट विभाजन गरी सोही अनुसार कार्य गर्नु गराउनु पर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>वजेट विनियोजित शीर्षक</th><th>विनियोजित वजेट</th><th>कार्यपालिकाको निर्णण मिति</th><th>कार्यक्रम</th></tr>
<tr><td>१.</td><td>कृषि विकास कार्यक्रम</td><td>५००००००</td><td>२०७५।७।१८</td><td>३ कार्यक्रम अन्तर्गत २३ वटा क्रियाकलापमा विभाजन</td></tr>
<tr><td>२.</td><td>पशु विकाश कार्यक्रम रु. ३५ लाख</td><td>३५०००००</td><td>२०७५।७।१८</td><td>९ कार्यक्रम अन्तर्गत ३० वटा क्रियाकलापमा विभाजन</td></tr>
<tr><td>३.</td><td>महिला वालवालिका रु. १ र महिला विकास कार्यक्रम रु. ४ लाख</td><td>५०००००</td><td>२०७५।७।१८</td><td>विभिन्न ६ कार्यक्रममा विभाजन</td></tr>
<tr><td>४.</td><td>स्वास्थ्य औषधि तथा व्यवस्थापन</td><td>२५०००००</td><td>२०७५।८।२७</td><td>विभिन्न ८ कार्यक्रममा विभाजन</td></tr>
<tr><td>५.</td><td>भु-संरक्षण रु. १० लाख</td><td>१००००००</td><td>कार्यक्रम नभएको</td><td>कार्यक्रम विभाजन र खर्च नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२५०००००</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>११.</td><td>आन्तरीक आय:- आर्थिक कार्याविधि नियमावली, २०६४ को परिच्छेद-३ मा राजस्वको दाखिला र राजस्व लेखा, नियम ९ मा राजस्व रकम बुझ्ने र दाखिला गर्ने र नियम १० मा राजस्व लेखा अद्यावधिक गरी राख्ने व्यवस्था छ । यस अन्तर्गत नगदी रसिद प्रयोग गर्ने, रसिद नियन्त्रण खाता राख्ने, गोश्वारा भौचर उठाउने, आयको आम्दानी खातामा प्रविष्ट गर्ने, बैक दाखिला गर्ने, आम्दानी दाखिला तथा बैक हिसाव भिडान गर्नुपर्ने जस्ता विषयहरु पर्दछन् । कार्यालयले आन्तरिक आय सफ्टवेयर तथा नगदी रसिद प्रयोग गरी आम्दानी गर्ने गरेको पाइयो । कार्यालयले आन्तरिक आय आर्जन गर्दा कार्यालय र वडागत आम्दानीको हिसाव राखेको पाइएन । साथै, वडा तर्फ रसिद नियन्त्रण खाता नराखि राजस्व अभिलेखका म.ले.प फारामहरु पूर्ण रुपमा प्रयोग नगरी लामो समयसम्म नगद मौज्दात राखि वर्षको अन्तिममा बैक दाखिला भौचरका आधारमा आय देखाएकोले आन्तरिक आय सम्बन्धमा प्राप्त हुनु पर्ने र प्राप्त आयको सम्बन्धमा परीक्षण तथा भिडान गर्ने आधार पेश नभएकोले प्राप्त आय रु.१,१५,२९,२९६।५३ सम्बन्धमा कार्यालय तथा वडा तर्फ तोकिए वमोजिमका श्रेस्ताहरु अद्यावधिक गरी आय सम्वन्धमा एकिन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>शनिवारे हटिया कर उठाउनको लागि सूचना जारी गरी २०७५।६।२४ गते भित्र पेश हुन आएका ३ वटा दरभाउपत्रहरु खोलेको, ३ वटा दरभाउपत्र दाताको नामसम्म उल्लेख भएको, २ वटाको धरौटी नभएको र अम्मर राई(रामप्रसाद राई गा.पा.३) को बोल अंक रु. २,२५०००।०० उल्लेख गरेकोमा सोसम्वन्धी दरभाउपत्र फाईल पेश नहुनुका साथै कार्यालयले उक्त रकम असुल समेत गरेको नपाईदा लाग्ने शुल्क व्याजसमेत हटिया कर र मू.अ.कर समेत असुल गरी ठेक्का फाईल समेत व्यवस्थित गरी पेश गर्नु पर्ने रु.</td><td>२२५०००</td></tr>
<tr><td>१३.</td><td>सामाजिक सुरक्षा कार्यक्रम : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले व्यवस्था गरे अनुरुप नगरपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरेको आधारमा बैङ्क तथा नगद भुक्तानी भएको तथा नगदमा गरिएको भुक्तानीमा व्यवस्थापन सुचना प्रणालीको लाभग्राही नम्वर भरपाईमा समावेश भएको देखिएन । सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणाली अनुसार बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>कर्मचारी व्यवस्था : कार्यालयबाट प्रवाह हुने सेवाहरु प्रभावकारी एवं नतिजामुखी हुनको लागि संगठनात्मक ढाँचा तयार गरी निजामती सेवा ऐन, २०४९ वमोजिम स्वीकृत दरबन्दी बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ५३ रहेपनि पदपूर्ति करार १२ समेत ३१ जना रहेको देखियो । विभिन्न २२ पद रिक्त रहेका छन । जनशक्तिको अभावमा नगरपालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर पर्ने हुँदा दरबन्दी पूर्ति र कार्य विवरण सम्बन्धमा ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>सर्भे तथा डिजाइन खर्च : कार्यपालिकाको निर्णयअनुसार निम्नानुसार भौचरबाट कार्यालयमा कार्यरत जनशक्तिबाट निम्न योजनाको सर्भे तथा डिजाइन गराई रु. ४,९९,१००।०० भुक्तानी गरेको पाइयो । विल भरपाई संलग्न नगरी कार्यको आधारमा मात्र भुक्तानी दिन मिल्ने आधार पेश नभएको रु.
<table>
<tr><th>शिर्षक</th><th>गो.भौ.नं. मिति</th><th>सर्भे गरेका योजनाको विवरण</th><th>सर्भे गरेको परिमाण</th><th>जम्मा भुक्तानी</th></tr>
</table></td><td>४९९१००</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| | <table><tr><td>प्रदेश सशर्त</td><td>२-२०७५/१२/१२</td><td>झ्यालसिंग - भानेश्वर जनज्वती शुक्रवारे हटियाको सडकको डि.पि.आर तयार</td><td>८.८५० कि.मि.</td><td>४०७१००</td></tr><tr><td>प्रदेश संसद</td><td>४-२०७६/१/६</td><td>घट्टेखोला मान्द्रे सेराखोला सडक डिजाइन वापत</td><td>२ कि.मि</td><td>९२०००</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td></td><td>४९९१००</td></tr></table> | |
| १६. | नमुना विद्यालय सुधार गुरु योजना अनुरुप भौतिक निर्माण अनुदान अन्तरगत रु.१,५०,००,०००। बजेट विनियोजन भएकोमा विद्योदय मा.वि. भोजपुरको वाउन्ड्रीवाल निर्माण कार्य गर्न मू.अ.कर कन्टिन्जेन्सी समेत रु.१,२४,९९,९९१। को लागत अनुमान स्वीकृत गरी मू.अ.कर समेत रु.१,२१,२४,९९१। बराबरको कार्य गर्न बोलपत्र आव्हान गरी मकालु निर्माण सेवासंग मू.अ.कर समेत रु.६९,३२,१३३। (४२.८३% घटी) को कार्य २०७६।३।१५ मा सम्पन्न गर्ने गरी २०७६।१।१० मा सम्झौता भएको छ । समयमा कार्यसम्पन्न गरी मू.अ.कर समेत जम्मा रु.६६०८३४१। भुक्तानी भएकोमा निम्नानुसार पाइयो । | |
| १६.१. | बोलपत्र आव्हान गर्दा घटी रकममा कार्य गरेकोले बचत रकम उपयोग गर्न मू.अ.कर समेत रु.५१,९०,६४५। को लागत अनुमान तयार गरी बोलपत्र मार्फत मू.अ.कर समेत रु.२१४०६७९। (५८.७६%घटी) को कार्य मिति २०७६।३।२० मा सम्पन्न गर्ने गरी २०७६।३।४ मा सम्झौता गरी कार्य गराई मू.अ.कर समेत रु.७,११,३४३। मात्र भुक्तानी भएको छ । वर्षान्तको कारणले कार्य हुन नसकेको भनी उक्त रकम बराबरको मूल्यांकन गरी भुक्तानी गरेको छ । रकम बचत रहेको भनी आर्थिक वर्षको अन्त्यमा सम्झौता गरी कार्य गराउन सम्झौता गर्नु गराउनु उपयुक्त नदेखिएको स्थिति कार्य सम्पन्न र भुक्तानी स्थितिले समेत देखाएको छ। बजेटको सुनिश्चितता नभएकोले म्याद थप गरी कार्य सम्पन्न गराउने व्यवस्था नहुँदा घटेको ठेक्कामा ठेकेदारले समेत कुनै कारवाही व्यहोर्न परेको देखिएन । | |
| १६.२. | उक्त कार्य गर्न दोश्रो पटकको बोलपत्रमा समेत प्रतिस्पर्धा भई रकम बचत भएकोले उपभोक्ता श्रमदान रु.३९१६१४। समेत रु.३३९२४८४। वरावरको कार्य २०७६।३।२५ सम्म सम्पन्न गर्ने गरी २०७६।३।९ मा सम्झौता गरी कार्य गराई रु.२७१६४४९। को कार्य मध्ये श्रमदान रु.३५४४९६। कट्टा गरी रु.२३६१५९१। भुक्तानी गरेको छ । एकिकृत लागत अनुमान तयार गरी आवश्यकता अनुरुप कार्य गराई रकम बचत भएमा नियमानुसार फिर्ता गर्ने, फ्रिज गर्ने तथा बचत राख्ने कार्य गर्नु पर्नेमा छोटो अवधि तथा वर्षान्तमा पुनः बोलपत्र तथा उपभोक्ता ( विद्यालय व्यवस्थापन समिति) मार्फत कार्य गराउँदा नियम पालना नहुने, गुणस्तर कमजोर हुने र घटेको ठेक्कामा सोही दरमा सम्पूर्ण कार्य गर्न गराउन नसकि जति कार्य भयो त्यति नै रकम भुक्तानी दिनेस्थिति आउने गरी कार्य गर्न उचित देखिएन । | |
| १६.३. | आर्थिक वर्षको अन्त्यमा अनुदान फिर्ता हुने र बजेटको सुनिश्चितता नहुने हुँदा म्याद थप पनि नभएको तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पनि छैन । | |
| १६.४ | उपभोक्ता (विद्यालय व्यवस्थापन समिति) ले निर्माण गरेको तर्फ लागत अनुमान तयार गर्दा ब्रिक मेशिनरी( तराईको इट्टा) तर्फ प्रति घ.मि. रु.२१२३१। हुनु पर्नेमा ओभरहेड समेत जोडी रु.२४४२३।७० कायम गरी सोही बमोजिमको दरले रु.१३.९५ घ.मि. को भुक्तानी भएकोले बढी भुक्तानी असुल गर्नु पर्ने रु. | ४४५३९ |
| १६.५. | मिति २०७६।५।५ मा कार्यालयका प्राविधिक कर्मचारी समेतको उपस्थितिमा उक्त कार्यहरुको स्थलगत निरीक्षण गर्दा ठेक्का नं.१५ (ठेकेदार एच.पि. कन्सट्रक्शन) को कार्य अपुरो हुँदा करिव ५० मिटर जतिमा पर्खाल लगाउन नै बाँकी रहेको र लगाएको पर्खालमा समेत प्लाष्टर तथा रंगरोगन नभएको पाइयो र उपभोक्ताले गर्ने कार्यतर्फ पर्खालमा प्लाष्टर तथा रंगरोगन नभएको र गेट अपुरो भएको पाइँदा कार्यहरु अधुरो अवस्था रहेकोले सो निर्माण कार्यसम्पन्न गर्ने तर्फ ध्यान दिनु पर्ने देखियो । | |
| १७. | **नगरपालिका कार्यालय भवन निर्माण :** कार्यालय भवन निर्माणको लागि (कन्टिजेन्सी बाहेक) मू.अ.कर समेत रु.२०८९७९४९। को लागत अनुमान स्वीकृत गरी ओ.ए.सिस इन्जिनियर्स एण्ड विल्डर्सको मू.अ.कर समेत रु.१७७०६९३८। स्वीकृत गरी २०७३।१२।२० सम्म सम्पन्न गर्ने गरी २०७२।६।२१ मा सम्झौता भएकोमा कार्यालय प्रमुखबाट १ पटक तथा कार्यपालिकाले २ पटकको निर्णयबाट २०७५ आषाढ मसान्त सम्म म्याद थप भएको पाइयो । तत्पश्चात कार्यपालिकाको २०७५।८।२७ को निर्णय अनुसार २०७५।८।२९ सम्म म्याद थप भएको छ । यसरी गत वर्षसम्म मू.अ.कर समेत शुरु ठेक्का तर्फ रु.१२६३९३२४। र भेरिएसन आदेश तर्फको रु.९५६९८१। भुक्तानी भएकोमा यस वर्ष शुरु ठेक्का तर्फको रु.५०६७२९४। र भेरिएसन आदेश तर्फको रु.७८५७५ भुक्तानी भई क्रमशः रु.१७७०६६१८। र रु.१०३५५५६। गरी जम्मा रु.१८७४२१७३। मूल्यांकन भई जम्मा रु.१८७२४३०६। भुक्तानी भई कार्य सम्पन्न भएको पाइयो । यसरी सम्झौतामा तोकिएको समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्र्याक्ट अनुसार इन्टरमिडियट माइलस्टोनमा ०.०२५ प्रतिशत प्रति दिन र फाइनल कम्प्लीसनमा ०.०५ प्रतिशत प्रति दिन र अधिकतम १० प्रतिशतले सम्झौता | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| | रकमको पुर्वनिर्धारित क्षतिपूर्ति लिने व्यवस्था कार्यान्वयन नभएको भनी गत वर्ष समेत औल्याएकोमा यस वर्षको म्याद थप मा समेत उक्त व्यहोरा पालना गरेको छैन । यसरी स्पष्ट कारण विना पटक पटक पूर्व निर्धारित क्षेतिपूर्ति बेगर म्याद थप गर्ने कार्य उपयुक्त नदेखिँदा ठेक्का व्यवस्थापन कमजोर हुन गएको अवस्था सम्बन्धमा कार्यालयबाट समयमै ध्यान दिएको देखिएन । | |
| १८. | भौ.नं.१३६।०७५।१०।२५ मा अन्तिम विल वापत जम्मा रु.४५,३६,२३९।०० भुक्तानी गरेकोमा प्रोभिजनल सम अन्तरगत Quality Control Test वापत मू.अ.कर समेत रु.१६९५००। र विमा वापत रु.७६८७९। भुक्तानी गरेकोमा सक्कल विल भरपाई पेश नभएकोले सक्कल विल भरपाई पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने रु. | २४६३७९ |
| १९. | पिखुवा झोलुङ्गे पुल, अमिने झोलुङ्गे पुल र पतेरी ट्रस पुलको सामान खरिद तथा ढुवानीको लागि मू.अ.कर वाहेक क्रमशः रु.१२०९६५६।, रु.६४१४३९। र रु.७२८२४०। को लागत अनुमान स्वीकृत गरी सिलबन्दी दरभाउ मार्फत मू.अ.कर वाहेक रु.१०८८२५३।, ५७६७४४। र ६५५२१८। को वोलअंक स्वीकृत गरी २०७६।२।३० सम्म २ वटा को TBSU वर्दिवास बुझाउने र पतेरीको आयोजनास्थल राडेहेड दामासम्म सप्लाई तथा ढुवानी गर्ने गरी मिति २०७६।२।२ मा सम्झौता गरी ३ वटै को लागि जम्मा रु.४६४०५३। पेश्की समेत दिएकोमा समयमा काम सम्पन्न नगरी २०७६।२।२३ मा वर्षात, टेष्ट गर्ने समय लाग्ने, ग्यालवनाइज गर्नु पर्ने, कच्चा पदार्थ अभाव जस्ता कारण जनाई २०७६।४।१५ सम्म म्यादथप माग गरेकोमा म्याद थपको निर्णय नहुनुको साथै लेखापरीक्षण अवधि २०७६।५।२३ सम्म सामान समेत आपुर्ति भएको छैन । | |
| २०. | **आन्तरिक आय :** ठेक्का नं. ३ र ४ पिखुवा खोला सिक्तेल दोभान क्षेत्र र वेहेरे दोभान क्षेत्रको ढुंगा, गिट्टी, बालुवा संकलनको लागि तारा सप्लायर्स भोजपुरसंग मू.अ.कर समेत क्रमशः २८२५००। र रु.९०२८७०। गरी जम्मा रु.११८५३७०। बुझाउने गरी ०७५।६।७ मा ठेक्का सम्झौता भए बमोजिम ५०% ले हुने रकम मिति २०७५।६।७ मा कार्यालयमा बुझाएको र बाँकी रकमको मिति २०७६ असोज ३० सम्मको नेपाल बंगलादेश बैंकको बैंक ग्यारेन्टी पेश गरेतापनि रकम असुल हुन नसकेकोले लाग्ने शुल्क समेत असुल गर्नु पर्ने रु. | ५९२६८५ |
| २०.१ | ठेक्का नं. १, २ र ४ को लागि प्रमाणित गरी पठाएको रसिदको अर्घकट्टी अर्थात अफिस प्रति लिई संकलन भएको तथा विक्री भएको परिमाण एकिन गर्नु पर्नेमा कार्यालयले फिर्ता लिई उक्त ठेक्काको कारोवार परिमाण सम्बन्धमा एकिन गरेको नपाइएकोले प्राप्त आय तथा मू.अ.कर सम्बन्धमा एकिन हुन सकिएन । | |
| २०.२ | ढुंगा, गिट्टी, बालुवा संकलन तथा विक्री गर्न २०७५।५।११ मा सूचना गरी ४ वटा प्याकेज मध्ये २ नं. प्याकेजमा नपरेको र १ नं. प्याकेजले बुझाउनु पर्ने रकम बुझाएको तथा ३ नं. र ४ नं. प्याकेजको आधा रकम बुझाउन बाँकी रहेको उल्लेख भएकोमा उक्त ठेक्काको लागत अनुमान, विक्री, दर्ता, तुलनात्मक, आशय सूचना र सम्झौता समेत एकिकृत फाइल पेश हुन सकेन । | |
| २१. | कार्यालयले विद्युत विस्तार तर्फ संघीय समानिकरण, प्रदेश समानीकरण लगायतवाट विनियोजित वडागत वजेट कुल रु. ९० लाख ५० हजारको वडागत रुपमा लागत अनुमान तयार गरी शिलवन्दी तथा वोलपत्र व्यवस्थापन विधिवाट विद्युतीय उपकरणहरु खरिद गरी सम्झौता अनुसार सिंहवाहिनी/ट्याम्के विजय सप्लायर्स जे.भि.(स्थायी लेखा नं.६१०५९६३५५) लाई विभिन्न मितिमा पोल रु.५९,१९,६५२।००, ट्रान्सफरमर रु.१२,२६,०५०।००, तार रु.१२,२६,०५०।०० तथा ज्याला समेत कुल रु.७८६११६३.०६ भुक्तानी गरेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| २१.१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार लागत अनुमान रु. २० लाखसम्म भएमा शिलवन्दी दरभाउपत्र र सो भन्दा वढी नियम ३१ अनुसार वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले एउटै प्रकृतिको कार्य एकमुष्ट लागत अनुमान तयार गरी वोलपत्र विधिवाट नगरी विभिन्न प्याकेज वनाई शिलवन्दी तथा वोलपत्रवाट खरिद गरेको देखिन्छ । एकमुष्टरुपमा बोलपत्र गरी खरिद हुन सकेमा थप प्रतिस्पर्धा हुन सक्ने तर्फ कार्यालयले समयमै ध्यान दिएको पाइएन । | |

| क्र.स. | ठेक्का नं. | गो.भौ.नं. | सामान | लागत अनुमान | खर्च रकम | खरिद पक्रिया |
|---|---|---|---|---|---|---|
| १. | ३ | ४०४। ०७६।३।६ | विद्युत पोल ३५, ट्रान्सफरमर १ खरिद तथा ढुवानी वडा नं.२ | १०८६९०१.५९ | ९६६९८०.५५ | शिलवन्दी दरभाउपत्र |
| २. | ४ | ३१०। ०७६।२।१० | विद्युत पोल ९४ खरिद तथा ढुवानी वडा नं. ३ | १६९८५१३.०३ | १४९९६१३.९६ | शिलवन्दी दरभाउपत्र |
| ३. | ५ | ३४०। ०७६।२।२६ | विद्युत पोल ५० खरिद तथा ढुवानी वडा नं. ४ | ९०३४६४.३८ | ७९७६६७.०० | शिलवन्दी दरभाउपत्र |
| ४. | ६ | ३२५। ०७६।२।१६ | विद्युत पोल ११० खरिद तथा ढुवानी वडा नं. १० | १९६८४१७.२९ | १७४८४६५.९५ | शिलवन्दी दरभाउपत्र |
| ५. | ७ | ३२५। ०७६।२।१६ | विद्युत पोल ९०, ट्रान्सफरमर २ र तार ८५५०मि.खरिद तथा ढुवानी वडा नं. ११ | २८४८५०५.४४ | २८४८४३५.६० | खुला वोलपत्र |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | विद्युत पोल ३७९, ट्रान्सफरमर ३ र तार ८५५०मि. खरिद तथा ढुवानी | ८५०५८०१.७३ | ७८६११६३.०६ | |

२१.२ **विड डकुमेन्ट तयारी तथा मुल्याङ्कन :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ अनुसार मालसामान आपूर्ति गर्ने बोलपत्रदाताको योग्यताका आधार सम्वन्धमा उल्लेख छ । कार्यालयले विड डकुमेन्ट तयारी तथा विड मुल्याङ्कनमा मालसामान आपूर्ति गर्ने बोलपत्रदाताको योग्यताका आधार समावेश गरेको प्रमाण पेश भएन ।

२१.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मालसामानको निरीक्षण र स्वीकृति सम्वन्धमा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ । कार्यालयले उल्लेखित विद्युत सामाग्री खरिद सम्झौतामा तोकिएको स्पेशिफिकेशन अनुसार प्राप्त भए नभएको गुणस्तर परीक्षण गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

२१.४ ठेक्का व्यवस्थापन मार्फत खरिद गरिएको विद्युत पोल, ट्रान्सफरमर र तार विद्युत प्राधिकरणले विद्युत विस्तार गर्ने क्रममा स्वामित्व विद्युत प्राधिकरणको हुन जाने देखिएतापनि लगानी अनुपात तथा सेयर प्राप्ती सम्वन्धमा स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार र विद्युत प्राधिकरण विच आवश्यक समन्वय समझदारी र निर्णय समेत भएको पाइएन ।

२१.५ वजेट अनुसार खरिद भएको सामाग्री उपयोग हुनु पर्दछ । गो.भौ.नं. ३१०।०७६।२।१० वाट वडा नं. ३ को लागि ९४ वटाको रु. १४९९६१३.९६ र वडा नं. ४ को लागि १५ वटाको रु. ७९७६६७०० विद्युत पोल खरिद तथा ढुवानी खर्च भुक्तानी गरेको छ । उल्लेखित खरिद मध्ये रु. १७,३८,९१४।०६ को वडा नं. ४ मा १५ वटा र वडा नं. ३ मा ९४ वटा विद्युत पोल जडान भएको कार्य सम्पन्न खुल्ने विवरण पेश भएको छैन ।

२२. **सामाजिक परीक्षण नभएका कार्यक्रमः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७८(५) अनुसार उपभोक्ता समितिवाट सम्पन्न भएको कार्यको तोकिए अनुसार सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले आयोजनाको सामाजिक परीक्षण गरेको नदेखिएको केहि उदाहरण निम्नानुसार रहेका छन । कानुनको व्यवस्थाको पालना गर्नु पर्दछ ।

| क्र.स. | भौ.नं. | कार्यक्रमको नाम | खर्च रकम | वजेट श्रोत |
|---|---|---|---|---|
| १. | ११।०७६।३।२५<br>१२।०७६।३।२६ | झ्यालसिंहे भानेश्वरा जनज्याति सुक्रवारे वजार सडक तर्फ | १४५५००० | प्रदेश सशर्त |
| २. | २६।०७५।६।२५ | हिमालय महायान विश्वशान्ती वौद्ध गुम्वा | ४००००० | संघीय समानिकरण |
| ३. | ७।०७६।२।१३ | कञ्चनजंगा कृषि सडक स्तर उन्नती | ७६८५९१ | प्रदेश निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम |

२३. **उपभोक्ता समितिको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७७(६) मा प्राविधिक मुल्यांकन र समितिको निर्माण विल साथ निर्माण कार्यमा प्रयोग भएको सामाग्रीको विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिवाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार आपुर्तकले विजक जारी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिवाट सडक निर्माण तथा स्तरोन्नत्ती गर्दा हेभि उपकरण प्रयोग गरेकोमा मू.अ.कर विजक वेगर रकम वुझेको भरपाई संलग्न गरी उपकरण इक्यूपमेन्ट कर वापत १० प्रतिशत आन्तरिक आय कट्टा गरी भुक्तानी गरेको केही उदाहरण निम्नानुसार छन । ऐन नियम अनुसार कार्य गरी गराई लाग्ने कर असुल गरी दाखिला समेत गर्नु पर्नेमा कट्टा गरी रकम स्थानीय संचित कोषमै रहने गरी खर्च लेख्नु उचित देखिएन ।

| क्र.सं. | भौ.नं. | कार्यक्रमको नाम | खर्च रकम | हेभी उपकरण भुक्तानी भरपाई | वजेट श्रोत |
|---|---|---|---|---|---|
| १. | ३।०७५।१२।२१ | झ्यालसिंहे भानेश्वरा जनज्याति सुक्रवारे वजार सडक तर्फ | २०१७९०० | २३२२४६५ | प्रदेश सशर्त अनुदान तर्फ |
| २. | ११।०७६।३।२५<br>१२।०७६।३।२६ | झ्यालसिंहे भानेश्वरा जनज्याति सुक्रवारे वजार सडक तर्फ | १४५५००० | १६७४९७८.१८ | |
| ३. | १६।०७६।३।३१ | ओडारे मान्द्रे दावाँ वजार सडक स्तर उन्नती | ४६५४७१२ | २९३४००० | |
| ४. | ३।०७६।१।३ | घट्टे खोला मान्द्रे सेराखोला सडक निर्माण | ५८७००० | ६७५२४० | प्रदेश निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम |
| ५. | ७।०७६।२।१३ | कञ्चनजंगा कृषि सडक स्तर उन्नती | ७६८५९१ | ७५०००० | |
| ६. | १३।०७६।१।३ | आइतवारे घुम्ती देखि फेदी सडक निर्माण | १९४००० | २३०००० | प्रदेश राजश्व वाडफाड |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | वेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | ७. | १।२०७५।११।८ | वहुउद्देश्य कृषि जनता सडक योजना | ९७०००० | ९७५०० | स्थानीय पूर्वाधार विकास कार्यक्रम | |
| | **ब.उ.शि.नं. ८०११५२३** | | | | | | |

**२४.** **बढी ग्रेड भुक्तानी :** पारित तलबी प्रतिवेदन बमोजिम ग्रेड भुक्तानी गर्नु पर्नेमा निम्नानुसार कर्मचारीहरुलाई बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु. — **वेरुजु रकम: १५८०४**

| सि.नं. | कर्मचारी | मासिक खर्च लेखेको | मासिक पाउने | ग्रेड बृद्धि | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | प्रा.शि.तृ. श्री तिर्थ कुमार राई | ३६९५ | २९५६ | बैशाख | ६६५१ |
| २ | प्रा.वि.प्र. श्री शिव प्रसाद प्रधान | ५०८५ | ४०४८ | बैशाख | ९१५३ |
| | | | | **जम्मा** | **१५८०४** |

**२५.** **अवकाश पछिको भुक्तानी :** शिक्षक सेवा आयोगबाट अस्थायी शिक्षकहरुको लागि लिएको प्रतियोगितात्मक परीक्षामा सामेल भई अनुत्तिर्ण भएको वा परीक्षामा सामेल नै नभई सुविधामा अवकाश हुने कर्मचारीलाई बढी तलब भुक्तानी तथा सरुवा भई गएका शिक्षकहरुलाई बढी तलब भुक्तानी गरेको असुल फछ्र्यौट हुनु पर्ने रु. — **वेरुजु रकम: ६९७२२९**

| सि.नं. | विद्यालय | शिक्षक | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | देवीथान मा.वि. | श्री रामकुमार राई | २५५०० | परीक्षा पछिको १ महिना तलब |
| २. | देवीथान मा.वि. | श्री बाबुराम ढकाल | २५५०० | परीक्षा पछिको १ महिना तलब |
| ३. | जाल्पादेवी प्रा.वि. | श्री चन्दबदना बस्नेत | २४१७० | परीक्षा पछिको १ महिना तलब |
| ४. | पञ्चकन्या आ.वि. ४ | श्री मिन प्रसाद न्यौपाने | २५५०० | परीक्षा पछिको १ महिना तलब |
| ५. | पञ्चकन्या आ.वि. ४ | श्री छोटेलाल मण्डल | २५५०० | परीक्षा पछिको १ महिना तलब |
| ६. | पञ्चकन्या आ.वि. ४ | श्री कमला प्रधान (राई) | २४१७० | परीक्षा पछिको १ महिना तलब |
| ७. | पञ्चकन्या आ.वि. ४ | श्री शारदा चौहान | २४१७० | परीक्षा पछिको १ महिना तलब |
| ८. | सिंहदेवी मा.वि.१ | श्री ललित कुमार तामाङ | २४१७० | परीक्षा पछिको १ महिना तलब |
| ९. | सिंहवाहिनी प्रा.वि.२ | श्री हरि प्रसाद पौडेल | २४१७० | परीक्षा पछिको १ महिना तलब |
| १०. | चण्डी आ.वि.१ | श्री पुष्पलता मगर | २४१७० | परीक्षा पछिको १ महिना तलब |
| ११. | कालिका मा.वि. | श्री भीम बहादुर वोगटी | ७९६०६ | २०७६।१।३१ बाट सरुवा |
| १२. | कालिका मा.वि. | श्री सावित्री खड्का | ५३५७४ | सरुवा |
| १३. | कालिका मा.वि. | श्री अम्बीका प्र.पौडेल | २५५०० | परीक्षा पछिको १ महिना तलब |
| १४. | यशोधरा मा.वि. | श्री सीता कुमार न्यौपाने | २१६६६ | परीक्षा पछिको १ महिना तलब |
| १५. | पञ्चकन्या मा.वि. | श्री बाल कुमारी बुढाथोकी | २५५०० | परीक्षा पछिको १ महिना तलब |
| १६. | सरस्वती आ.वि. | श्री मातृका आचार्य | ५१४२९ | परीक्षा पछिको १ महिना तलब |
| १७. | सिद्धेश्वर मा.वि.दाँवा | श्री अशोक कु. चौधरी | १७३३३ | परीक्षा पछिको तलब |
| १८. | सार्वजनिक आ.वि. | श्री इन्दिरा श्रेष्ठ | २४१७० | परीक्षा पछिको १ महिना तलब |
| १९. | जनकल्याण आ.वि. | श्री मकर बहादुर खत्री | ५३१७५ | २०७५।६।११ पछि सरुवा भई गएकोमा सो अवधिको मात्र तलब भुक्तानी गरी बाँकी रकम विद्यालय खातामा रहेको |
| २०. | विद्योदय मा.वि. | श्री निर्मल कुमार श्रेष्ठ | २१६६६ | परीक्षा पछिको १ महिना तलब |
| २१. | विद्योदय मा.वि. | श्री धनमाया न्यौपाने | २८२५० | २०७६।३।१ बाट सरुवा |
| २२. | प्रजातन्त्र प्रा.वि. | श्री पुष्पराज सुवाल | २४१७० | परीक्षा पछिको तलब |
| २३. | जनकल्याण मा.वि. | श्री इन्द्रकुमारी श्रेष्ठ | २४१७० | परीक्षा पछिको १ महिना तलब |
| | | **जम्मा** | **६९७२२९** | |

**२६.** **मर्मत अभिलेख खाता नराखेको :** सवारी साधन र चल्ती मेसिनरी औजारहरुको मर्मत गर्दा म.ले.प.फा.नं.२ मर्मत अभिलेख फाराम प्रयोग गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले निम्नानुसार मर्मत खर्च भुक्तानी गरेकोमा सोको अभिलेख खुल्ने मर्मत अभिलेख खाता राखी मर्मत खर्च मितव्ययी गराउने तर्फ ध्यान दिनु पर्नेमा मर्मत अभिलेख खाता राखेको पाइएन। कानूनमा भएको व्यवस्था पालना गर्ने तर्फ नगरपालिकाले ध्यान दिनु पर्दछ।

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ७-२०७५/६/९ | डेल्टा मोटर वर्कस प्रा.लि. | ४६०३६० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| | ५८-२०७५/९/२६ — सिप्रडी ट्रेडिङ प्रा.लि. — २३९१६३<br>६२-२०७५/९/२६ — निरमला ट्रेडर्स एण्ड सप्लायर्स — १४३९६० | |
| २७. | **विज्ञापनमा छुट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार विज्ञापन खर्च भुक्तानी गर्दा छुट नलिई पुरै रकम भुक्तानी गरेको पाइयो । सरकारी खर्च मितव्ययी बनाउन विज्ञापन छुट लिई कारोवार गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।<br>**भौ.नं. र मिति** — **विवरण** — **रकम**<br>१८-२०७५/६/२२ — सौगात प्रकाशन प्रा.लि. — २६६९६<br>११२-२०७५/१२/२५ — सौगात प्रकाशन प्रा.लि. — ४८४०८.४० | |
| २८. | **विना प्रतिस्पर्धा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने व्यवस्था छ । निम्नानुसार भौचरबाट पटक पटक सोभ्कै खरिद गरेको पाइयो । खरिद कार्य गर्दा नियमको पालना गर्नेतर्फ ध्यान दिनु पर्दछ ।<br>**भौ.नं. र मिति** — **विवरण** — **रकम**<br>१०३-२०७५/९/२९ — श्री पशुपतिनाथ आयुर्वेद भवन प्रा.लि. — ४०४९००<br>१०६-२०७५/१०/२१ — श्री पशुपतिनाथ आयुर्वेद भवन प्रा.लि. — ३११४२५<br>१६५-२०७५/१२/५ — श्री पशुपतिनाथ आयुर्वेद भवन प्रा.लि. — १८६१२० | |
| २९. | **प्रमाण कागजात बेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं. १८१-२०७५/१२/२८ वाट नमुना विद्यालय विकास गुरुयोजनाको प्रथम वर्षको कार्यक्रम तथा बजेटमा तपसिल शिर्षकका शैक्षिक पक्ष र व्यवस्थापकीय पक्षका कार्यक्रमहरु सम्पन्न गर्न नगरपालिका मार्फत विद्योदय माध्यमिक विद्यालय, भोजपुरलाई अनुदान वापत रु.२५ लाख निकासा खर्च लेखेको पाइयो । लेखापरीक्षण अवधि सम्म अनुदान रकमको खर्च पुष्टि गर्ने प्रमाण कागजात, अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन समेत पेश नभएको रु.<br>**सि.नं.** — **कार्यक्रम** — **बजेट**<br>१ — पुस्तकालय व्यवस्थापन — ४०००००<br>२ — वालमैत्री, सिकाइ मैत्री फर्निचर व्यवस्थापन — १००००००<br>३ — लेखापरीक्षण , सामाजिक परीक्षण सार्वजनिकीकरण — १०००००<br>४ — ICT training for teaching and administrative staff — १०००००<br>५ — Computer Basic training — ५००००<br>६ — कर्मचारी क्षमता अभिबृद्धि तालिम — १०००००<br>७ — बैकल्पिक विद्युतीय व्यवस्था — ५०००००<br>८ — कर्मचारी (पाले) तलब भत्ता — ५००००<br>९ — ICT स्टाफ तलब भत्ता — १०००००<br>१० — शैक्षिक तालिम — १०००००<br>**जम्मा** — **२५०००००** | २५००००० |
| ३०. | **प्रयोजन नखुलेको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले निम्नानुसार खर्च लेखेकोमा कार्यक्रम तथा प्रयोजन स्पष्ट देखिदैन । खर्च गर्दा प्रयोजन खुलाई विनियोजित बजेटको सिमा भित्र रहेर मात्र खर्च गर्नु पर्दछ ।<br>**भौ.नं. र मिति** — **विवरण** — **रकम** — **कैफियत**<br>४९-२०७५/९/२२ — फाइन आट सेन्टर — ३८३६० — ट्रफ्री, प्रमाणपत्र लगायतका सामाग्री खरिद | |
| ३१. | **बिल बेगर भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने र नियम ४५ मा मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ। गो.भौ.नं. ११।०७५।६।१४ वाट खर्च भुक्तानी गर्दा बिल बेगर भरपाईको आधारमा खर्च लेखेको नियमित नदेखिएको रु. | ७५०० |
| ३२. | **विद्युत जरिवाना :** कार्यालयमा बजेट र कार्यालय प्रमुख एवं लेखा प्रमुख बहाल (पदपूर्ति) रहेकै अवस्थामा धारा विजुली खर्चमा थप दस्तुर समेत खर्च लेख्न मिल्ने देखिँदैन । कार्यालयले धारा, विजुलीको बिल भुक्तानी गर्दा निम्नानुसार थप दस्तुर समेत खर्च लेखेको पाइएकोले अतिरिक्त व्ययभार परेको नियम संगत नदेखिएको रु. | ४३४०.४२ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>वेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं. र मिति</th><th>जरिवाना रकम</th><th>महिना</th></tr>
<tr><td>११-२०७५/६/१४</td><td>९३८.५९ (२५%)/१७४ (५%)</td><td>आषाढ र श्रावण</td></tr>
<tr><td>१८१-२०७६/३/१६</td><td>२५५१.१५ (२५%)/६७६.६८ (५%)</td><td>बैशाख र जेष्ठ</td></tr>
<tr><td>जम्मा</td><td>४३४०.४२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३.</td><td>नर्म्स : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ। भौ.नं. ६८-२०७६/३/२० बाट आधारभूत शिक्षा उत्तीर्ण परीक्षण (कक्षा ८) को परीक्षा संचालनको क्रममा प्रश्न पत्र मोडरेशन तथा सम्पादन तथा प्याकिङ, प्रश्न पत्र निर्माण, उत्तर पुस्तिका परीक्षण, अनुगमन, प्राप्तांक, टेबुलेशन तथा ग्रेड सिट तयारी वापतको पारिश्रमिक वितरणमा नर्म्स स्वीकृत नगरी रु.२५००००। खर्च लेखेको पाइयो । यसरी नर्म्स स्वीकृती बेगरको खर्च मितव्ययी भयो भन्न सकिएन ।</td><td></td></tr>
<tr><td>३४.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम : पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूची १ दफा १० मा बजेट वर्गीकरण तथा नीतिगत कार्यान्वयन खर्च हुने विषयमा श्रमिकको ज्यालामा ७०% खर्च गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले भौ.नं.१९।२०७६।३।२९ बाट १२६ जनालाई २४ दिनको प्रति दिन ६५०। ले रु.१९६५६००। भुक्तानी खर्च लेखेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।</td><td></td></tr>
<tr><td>३४.१.</td><td>कार्यविधि अनुसार बेरोजगार श्रमिकहरुको तथ्यांक लिने, पहिचान गर्ने र छनौट गरी रोजगारीमा संलग्न गराउनु पर्ने व्यवस्था रहेकोमा नगरपालिकाबाट बेरोजगार श्रमिकहरुले १९ वटा योजनामा कार्य गरेको वडा तथा नगरपालिकास्तरीय अनुगमन तथा मूल्यांकन प्रतिवेदनको आधारमा श्रमिक ज्याला भुक्तानी गर्नु पर्नेमा उल्लेखित खर्च पुष्टि हुने प्रतिवेदन कागजात संलग्न गरेको छैन ।</td><td></td></tr>
<tr><td>३४.२.</td><td>नगरपालिकाले १२६ जनालाई २४ दिन प्रति दिन ६५०। का दरले रु.१९६५६००। खर्च गरेकोमा कूल खर्च रु.२९१८३५०। को तुलनामा श्रमिक ज्याला जम्मा ६७.३५ प्रतिशत हुनुपर्नेमा कार्याविधिले तोकेको प्रतिशत भन्दा २.६५ प्रतिशत घटि श्रमिकको ज्यालामा खर्च भएबाट कार्यविधिको पालना भएको देखिएन ।</td><td></td></tr>
<tr><td>३४.३.</td><td>विभिन्न भौचरबाट २०७६ आषाढमा रु.८५००००। बराबरको औजार तथा वाह्य सामाग्री खरिद गरेकोमा सो कार्यसम्पन्न भएपछि बाँकी औजार तथा वाह्य सामाग्री नगरपालिका तथा वडा कार्यालयहरुमा फिर्ता दाखिला गर्नु पर्ने उल्लेख भएकोमा सो समेत भएको पाइएन । सामानहरु एकिन गरी खर्च नहुने तर्फका सामानहरु फिर्ता दाखिला हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>प्रदेश सशर्त अनुदान तर्फ</td><td></td></tr>
<tr><td>३५.</td><td>ओडारे फेदी मान्द्रे दावाँ वजार सडक स्तरोन्नती तर्फ : ओडारे फेदी मान्द्रे दावाँ वजार सडक स्तरोन्नती तर्फ रु. १,३५,००,०००।०० वजेट विनियोजन भएको छ । कार्यालयले वजेट अनुसार मू.अ.कर तथा कन्टिन्जेन्सी समेत रु. १३४९९२०४।०० लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा ४९.७२ प्रतिशत घटि रु.५८५०७८९।७९ (मू.अ.क वाहेक) मिति २०७६।०३।२० मा सम्पन्न गरिसक्ने गरी २०७६।०२।०२ मा सम्झौता गरेको छ । वाँकी वजेट रु.६८,८८,६०७५४ समेत सोही सडकमा दोश्रो पार्ट भनी उपभोक्ता समिति मार्फत कार्य गराएको छ । वजेटरी सिद्दान्त अनुसार ठेक्का व्यवस्थापन गरी वाँकी वजेटवाट थप कार्य गराउन मिल्ने देखिदैन ।</td><td></td></tr>
<tr><td>३५.१.</td><td>सार्वजनिक खरिद ऐन, २०६३ मा निर्माण लागत अनुमान तयार गर्दा सवारी साधन समावेश गर्न सक्ने व्यवस्था देखिदैन । सडक स्तरोन्नतीको लागत अनुमान रु. १,३४,९९,२०४।०० मा पि.एस. आईटम रु. ५ लाखको होण्डा एक्स आर १५० सिसि मोटरसाईकलसमेत समावेश गरी ठेक्का कार्यका लागी तेश्रो पटकको सुचना २०७६।०१।०९ मा बोलपत्र आव्हान मार्फत न्यून कबोल अंक भएको विदुर निर्माण सेवा, भोजपुरको रु. ५८५०७८९।७९ (मू.अ.क वाहेक) को बोलपत्र स्वीकृत भई ०७६।०२।०२ मा सम्झौता भएको छ । उल्लेखित मोटरसाईकल पुँजिगत शीर्षकमा कार्यक्रम अनुसार बजेट व्यवस्था गरी खर्च लेख्नुपर्नेमा उक्त ठेक्का व्यवस्थापन अन्तर्गत वि.ओ.क्यू.मा राखी खर्च भुक्तानी भएको नियम संगत नदेखिएको तथा सरकारी मोटरसाईकल नम्वर प्लेट दर्ता गरी कार्यालयमा आम्दानी जनाएको नदेखिएको रु.</td><td>४८६९००</td></tr>
<tr><td>३६.</td><td>ओडारे फेदी मान्द्रे दावाँ वजार सडक स्तर उन्नती (दोश्रो पार्ट) : उपभोक्ता समितिसंग मिति २०७६।३।२५ सम्म कार्य सम्पन्न गर्ने गरी २०७६।०२।२३ मा जनश्रमदान समेत रु.७५,१९,२०८।०९ को सडक स्तरोन्नतीको कार्य गर्नसम्झौता गरेको पाइयो । कार्यालयले भौचर नम्वर १६।०७६।३।३१ वाट ७१ प्रतिशत कार्य सम्पन्न भएको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु. ५३,५३,३२०।०० भुक्तानी गरेको पाइयो । यसरी सम्झौता बमोजिम कार्य नहुँदा तोकिएको कार्य अधुरो हुने र भएको कार्य समेत गुणस्तरीय भयो भन्न सकिएनसाथै लक्ष्य अनुसार भौतिक प्रगति नहुदै कार्य सम्पन्न प्रतिवेदन तयार गर्न मिल्ने समेत देखिएन । कार्यालयले सम्झौताको पालना हुने गरी निर्माण कार्य व्यवस्थापन गर्न सकेको पाइएन ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|

| क्र. सं. | कामको विवरण | सम्झौता अनुसार कामको परिमाण | कार्य सम्पन्न परिमाण | घटी कार्य | |
|---|---|---|---|---|---|
| | | | | परिमाण | रकम |
| १. | 1. Earth work in Excavation in Road Widening work in different type of soil by using Exeavater as per survey report | ३४४७९.१३ | २६३०३.०७ | ८१७६.०६ | १३६९६७०.०५ |
| २. | 2. Earth work in Excavation in foundation hard soil by manly from different section | ४८२.७० | १७६.९० | ३०५.८ | १६५०४६.३८ |
| ३. | 3. Stone Soling work for Road Surface and Causeway | १९३.२० | २३.५५ | १६९.६५ | ५१२१३०.९४ |
| ४. | 7. Stone work in 1:4 C/S mortar | ३६.९७ | २९.२९ | ७.६८ | ८१३३१.०० |
| ५. | 10. Dry stone masonry work | ३६ | २१.९२ | १४.०८ | ५६६०९.६३ |

३७. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा वार्षिक आय ४ लाख भन्दा बढीको हकमा तोकिए बमोजिम दरमा कर लाग्ने उल्लेख छ । एल.जि.सि.डि.पी. कार्यक्रम अन्तरगत कार्यरत सूचना प्रविधि अधिकृत श्री बविन शाक्यलाई पारिश्रमिक भुक्तानी गर्दा वार्षिक आयमा लाग्ने आयकर रु.५९८५। असुल गरी राजस्व दाखिला हुनु पर्दछ । — ५९८५

३८. **धरौटी :** धरौटी तर्फको मौज्दात आर्थिक विवरण र बैंक स्टेटमेण्ट अनुसार बाँकीमा रु.१२०००। फरक परेको पाइँदा प्रमाण पेश गरी हिसाव मिलान गर्नु पर्दछ । — १२०००

३९. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ७४ अनुसार पेश्की दिने र तोकिएको समयमा फछ्र्यौट गर्नु पर्दछ । कार्यालयले निम्नानुसार संस्था तथा व्यक्तिलाई पेश्की दिएकोमा फछ्र्यौट गरेको देखिएन । नियमानुसार रु. ८,७५,९७२।०० पेश्की असुल फछ्र्यौट गर्नु पर्दछ । — ८७५९७२

| सि.नं. | कार्यक्रमको नाम | पेश्की लगेको मिति | व्यक्ति/निर्माण व्यावसायी/फर्म | पेश्की वांकी रकम |
|---|---|---|---|---|
| १ | झोलुङ्गे पुल निर्माण | २०७६/२/२ | कृष्ण ग्रील एण्ड इन्जिनियरिङ प्रा.लि. | ४६३९५० |
| २ | झोलुङ्गे पुल निर्माण | २०७६/३/१३ | पतेरे खोला ट्रष्ट पुल निर्माण उ.स.४ | ३७७०२२ |
| ३ | राजस्व बाँडफाँड | २०७६/३/१२ | वडा सचिव श्री लदोर्चि शेर्पा | ३५००० |
| | | | **जम्मा** | **८७५९७२** |

४०. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा कार्यालयले फछ्र्यौट गरी सम्परीक्षणको लागि अनुरोध गरेकोमा यस डोरवाट निम्नानुसार सम्परीक्षण गरिएको छ ।

| शी.नं. | आ.व. | वेरुजु दफा | सम्परीक्षण आधार | सम्परीक्षण रकम |
|---|---|---|---|---|
| १. | ०७४/७५ | १७ | भत्ता बुझेको भरपाई पेश | ५००० |
| २. | ०७४/७५ | २९.१ | बैंक दाखिला भौचरको पेश | १००९० |
| ३. | ०७४/७५ | २९.३ | बैंक दाखिला भौचरको पेश | ७७०० |
| ४. | ०७४/७५ | ३० | बैंक दाखिला भौचरको पेश | १९१६६.३३ |
| ५. | ०७३/७४ | १.६ | प्रमाण कागजात पेश | ४६०२४८ |
| | | | **जम्मा** | **५०२२०४.३३** |

४१. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :(रु. हजारमा )

| गत वर्षको बेरुजु रकम (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ७५२५ | ५०२ | ७०२३ |

४२. **अद्यावधिक बेरुजु स्थिति :** खाँडादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. ( D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ७०२३ | ० | ७३९६ | १४४१९ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची- १

## भोजपुर नगरपालिकाको यो वर्षको बेरुजू बर्गीकरण
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | वाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | भोजपुर | भोजपुर नगरपालिका | ३९ | १७ | ७३९६ | ० | ० | ० | ३९ | १७ | ७३९६ | १७४९ | १२ | ४७६० | ० | ० | ४७७२ | ३५ | ८४० | ८७५ |

अनुसूचीः २

## स्थानीय तह सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १ | भोजपुर नगरपालिका | भोजपुर | २३८७१ | १००३०० | ३७८१३६ | १३४४० | ५१५७४६ | ४४७२४ | १३९९९९ | २८०९१९ | ४६५६४२ | ५०१०४ |

अनुसूचीः ३

## अद्यावधिक वेरुजू स्थिति
## आर्थिक वर्ष २०७५।७६

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | भोजपुर नगरपालिका | भोजपुर | ७५२५ | ५०२ | ७०२३ | ० | ७३९६ | १४४१९ |